# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय भरतपुर, चितवन ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा (५) को उपदफा (३) बमोजिमको आ.व. २०८०/०८१ (पहिलो त्रैमास) मा सार्वजनिक गरेको विवरण**

१. निकायको स्वरूप र प्रकृति: कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो ।

२. निकायको काम, कर्तव्य र अधिकार: बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्थाले गर्नुपर्ने काम, कर्तव्य र अधिकार रहेको छ ।

३. निकायमा रहने कर्मचारी संख्या र विवरण: यस वित्तीय संस्थामा मिति २०८० आश्विन मसान्तमा कार्यरत कर्मचारी संख्या ६६३ रहेको छ । वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहेको छ । व्यवस्थापन समूहका सदस्यहरूको नाम वित्तीय संस्थाको वेबसाइट www.deproscbank.com.np मा राखिएको छ ।

४. निकायबाट प्रदान गरिने सेवा: बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सम्पूर्ण सेवाहरू ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण यस वित्तीय संस्थाको वेबसाईट www.deproscbank.com.np अन्तर्गत OUR BRANCHES खण्डमा प्रकाशित गरिएको छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: यस वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस वित्तीय संस्थाको वेबसाईटमा www.deproscbank.com.np अन्तर्गत MODEL SERVICES मा प्रकाशित गरिएको छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी: वित्तीय कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा यस वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी: सम्बद्ध सरोकारवालाको गुनासो तथा उजुरी व्यवस्थापन गर्नका लागि हाल केन्द्रीय स्तरमा प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

श्री शेषरमण आचार्य (प्रमुख कार्यकारी अधिकृत)
डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाइला, काठमाडौं फोन: ०१-४३८८६१०

९. सम्पादन गरेको कामको विवरण: बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण कारोबारहरू सम्पादन भईरहेका छन् ।

१०. सूचना अधिकारीको नाम र पद: सरोकारवालालाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई तोकिएको छ ।

श्री नरेन्द्रप्रसाद अर्याल (मुख्य प्रबन्धक)
डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाइला, काठमाडौं फोन: ०१-४३८८६१०

११. ऐन, नियम तथा विनियमको सूची: प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरू वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशनहरू बैंकिङ कार्यका लागि प्रमुख रूपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३,
२. नेपाल राष्ट्र बैंक ऐन,२०५८,
३. कम्पनी ऐन, २०६३,
४. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४
५. सम्पत्ति शुद्धीकरण (मनिलाउण्डरिङ) निवारण ऐन, २०६४,
६. धितोपत्र सम्बन्धी ऐन, २०६३,
७. सुरक्षित कारोबार ऐन, २०६३,
८. करार ऐन, २०५६,
९. धितोपत्र नियमावली, २०७३
१०. श्रम ऐन, २०७४,
११. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू,

१२. नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशन तथा निर्देशिकाहरू

१३. वित्तीय संस्थाले कारोबार सञ्चालनका लागि बनाएको सम्पूर्ण नियम, विनियम, कार्यविधि तथा निर्देशिकाहरू

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण: यस वित्तीय संस्थाको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छन् भने वित्तीय संस्थाको वेबसाइट www.deproscbank.com.np मा समेत प्रकाशित गरिएको छ ।

१३. वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:
श्री शेषनाथ आचार्य (प्रमुख कार्यकारी अधिकृत)
डिप्रोस्क लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौ ।

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण: यस वित्तीय संस्थाले लघुवित्त सम्बन्धी कार्य गर्दै आईरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण: www.deproscbank.com.np

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण: हालसम्म यस वित्तीय संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग लिएको छैन ।

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन: यस वित्तीय संस्थाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आईरहेको छ भने संस्थाको वेबसाईट www.deproscbank.com.np मा समेत रहेको छ ।

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामनावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि: सूचना वर्गीकरण गरिएको छैन ।

१९. सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण: यस त्रैमासमा कुनै निवेदन प्राप्त भएको छैन ।

२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण: यस वित्तीय संस्थाको वार्षिक आर्थिक प्रतिवेदनहरू पुस्तकको रूपमा प्रकाशित भई संस्थाको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै वित्तीय संस्थाको त्रैमासिक आर्थिक विवरण विभिन्न राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेबसाईट www.deproscbank.com.np मा समेत प्रकाशित गर्दै आएको छ ।